## टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड-२, संख्या-३४ मिति २०७७/१०/०६**


स्थानीय राजपत्र

## भाग -३

## टीकापुर नगरपालिका नगरकार्यपालिका कार्यालयको

## सूचना

### "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (दोस्रो संसोधन) कार्यविधि, २०७७

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ लाई संसोधन गर्न वाञ्छनीय भएकोले

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०७५ को दफा ८ ले **दिएको अधिकार प्रयोग गरी** टीकापुर नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधीको नाम **"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (दोस्रो संसोधन) कार्यविधि,२०७७** रहेको छ ।

२. **"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (दोस्रो संसोधन) कार्यविधि, २०७७ को दफा ३ मा संसोधन** : "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी(दोस्रो संसोधन) कार्यविधि, २०७५ को दफा ३ इजाजतपत्रको अवधि र नवीकरणमा रहेको "माथी जुनसुकै कुरा उल्लेख भएतापनि आ.व. ०७४/०७५ को हकमा २०७४ चैत्र मसान्त सम्म पनि नविकरण हुन नसकेका फर्महरुको अध्ययन गरी कार्यपालिकाले नविकरण दस्तुरको तेब्बर दस्तुर लिई एक पटकका लागी २०७५ श्रावण मसान्त भित्र नवीकरण गरी दिन सक्नेछ ।" भन्ने वाक्यांसहरुका सट्टा "माथी जुनसुकै

कुरा उल्लेख भएतापनि कुनै आर्थिक वर्षको चैत्र मसान्तसम्म पनि नविकरण हुन नसकेका फर्महरुको अध्ययन गरी मुनासिव कारण वा औचित्यका आधारमा कार्यपालिकाले नवीकरण दस्तुरको तेब्बर दस्तुर लिई आउँदो श्रावण मसान्त भित्र नबिकरण गरिदिन सक्नेछ, त्यस्तो मुनासिव कारण वा औचित्यका आधारमा एक भन्दा बढी आर्थिक वर्षको नवीकरणको हकमा पनि दिन सकिनेछ । तर त्यस्तो नवीकरण अधिकारको रुपमा दाबी गर्न सकिने छैन । ” भन्ने वाक्यांसहरु राखिएका छन ।

**आज्ञाले,**
नाम :- मोहन प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगरकार्यपाकिको कार्यालय

स्थानीय राजपत्र